६. सिसम (तील) को तेल
७. चामलको ढुटो
८. अन्य ढुटो
९. अन्य अनाज
१०. कोसे सागपात (दलहनको)
११. पिना
१२. खरीको धूलो
१३. कच्छ
१४. कत्था
१५. भेनिष्टा
१६. प्लाइउड, ब्लेक बोर्ड आदि
१७. काठका सामान
१८. फर्निचर
१९. ऊनी धागो
२०. सिलिका
२१. इंटा
२२. बोटल।

## सूचना २

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (ग) को उपखण्ड (६) को प्रतिवन्धात्मक वाक्यांशको प्रयोजनको लागि देहायका घरेलु उद्योगहरू तोकेको छ ।

१. (क) आधुनिक (सेलर) बाहेकको चामल मिल
(ख) आधुनिक बाहेकको तेल मैदा मिल
२. स्टेनलेस स्टीलका भाँडावर्तन र अन्य सामान बनाउने उद्योग
३. जीप फास्नर बनाउने उद्योग
४. बहुमूल्य ढुंगा तथा जवाहरात कटिङ, पोलिसिङ गर्ने उद्योग
५. कत्था र टेनिन उद्योग
६. चुरोट, सिगार, बिडी र सुर्तीबाट बनेका अन्य सामान बनाउने उद्योग
७. सबै प्रकारको मादक पदार्थयुक्त पेय पदार्थ मदिरा (साइडर बाहेक) बियर, छ्याङ (दुर्गमक्षेत्रमा फलफूलबाट बनेका मदिरा बाहेक) बनाउने उद्योग।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

स्पष्टीकरणः—

यस खण्डको प्रयोजनको लागि देहायका जिल्लाहरूलाई दुर्गमक्षेत्र मानिनेछ ।

| | | | |
|---|---|---|---|
| १. हुम्ला | २. मुगु | ३. जुम्ला | ४. डोल्पा |
| ५. कालिकोट | ६. मुस्ताङ | ७. मनाङ | ८. रसुवा |
| ९. सोलुखुम्बु | १०. ताप्लेजुङ | ११. संखुवासभा | १२. दार्चुला |
| १३. बाजुरा | १४. बझाङ | १५. बागलुङ | १६. पर्वत |
| १७. म्याग्दी | १८. अछाम | | |

८. श्रृंगार प्रशोधन (कस्मेटिक्स) बनाउने उद्योग

९. तरल पेट्रोलियम ग्यास उद्योग

१०. क्राउन कर्क उद्योग

११. चिरानी काठ (स:मिल) उद्योग

१२. (क) टेप रिकर्डर, क्यासेट टेप, क्यासेट प्लेयर, घडी, क्यालकुलेटर, ग्रामोफोन, रेडियो ट्रान्जिष्टर टु अथवा थ्री इन वन टेलिभिजन स्क्रीन, भिडियो डेक र भिडियो क्यासेट बनाउने उद्योग

(ख) विद्युत्‌बाट चल्ने कोठा तताउने हिटर, टोष्टर, मिक्सर, कुकर, ग्राइण्डर जुसर, हेयर ड्रायर तथा जडान प्रक्रियाबाट उत्पादन हुने प्रकारका अन्य सामान बनाउने उद्योग

१३. सिन्थेटिक यार्न (एक्रिलिक यार्नसमेत) र सोमा आधारित उद्योग

१४. इंट (विद्युत् शक्तिको प्रयोग नगरी चिम्नी भट्टाबाट उत्पादन गर्ने) उद्योग

१५. प्लाष्टिक, पोलिथिन, पी. भी. सी. कम्पाउण्डमा आधारित उद्योग

१६. फोम र स्पोन्ज उद्योग

१७. सबै किसिमका धातुका कर्कटपाता उद्योग

१८. प्याकिङ माल गर्ने उद्योग

१९. चलचित्र उद्योग

२०. टिन कन्टेनर उद्योग

२१. रबर र रबरमा आधारित उद्योग

२२. तामा र पित्तलमा आधारित उद्योग

२३. सबै किसिमका साबुन (पाउडर र झोल समेत) बनाउने उद्योग

२४. कार्बोन पेपर उद्योग

२५. इनामेल कोटेड वायर उद्योग

२६. एम.एस. वायर रडमा आधारित उद्योग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. सबै किसिमका फलामे पाइप र पोल उद्योग
२८. विद्युत् तार उद्योग
२९. सिन्थेटिक लेदर र सोमा आधारित उद्योग
३०. फलाम र स्टीलमा आधारित उद्योग
३१. ड्राइसेल व्याटरी उद्योग
३२. सिल्कयार्न र सोमा आधारित उद्योग
३३. टुथपेष्ट, टुथ पाउडर बनाउने उद्योग
३४. टुथ ब्रस बनाउने उद्योग
३५. ए.सी.सी. आर. कण्डक्टर बनाउने उद्योग ।

घरेलु बाहेक अन्य उद्योगहरूको उत्पादनमा औद्योगिक व्यवसाय ऐन, २०३८ बमोजिम नै हुनेछ । खण्ड ३६, संख्या ३ मिति २०४३।१।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित अन्तःशुल्कसम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
C-00